# गण्डकी प्रदेश सभा

## आठौँ अधिवेशन

## बैठक संख्या -२०

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल असार १३ गते, शुक्रवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:२९** बजे प्रारम्भ भयो।

तत्पश्चात **आकस्मिक समयमा माननीय दिलमाया पौ.वि. ले अन्तरजातीय विवाहको विषयमा** आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय कल्पना तिवारी, माननीय कुशुम बुढा पुन, माननीय टिका कुमारी बस्याल, माननीय दमयन्ती रुचाल, माननीय नन्दकला दमै नेपाली, माननीय श्यामराजा महत, माननीय हरि बहादुर भण्डारी, र माननीय सुनिता थापा**ले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात **माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाश बहादुर के.सी. ले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षक**मा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री फणीन्द्र देवकोटाले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षक**मा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षक**मा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात **माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षक**मा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत भएको "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव **सर्वसम्मतीले** पारित भयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** माथिको छलफल प्रारम्भ भयो । उक्त छलफलमा **माननीय अशोक कुमार श्रेष्ठ, माननीय सुधिर कुमार पौडेल, माननीय सुशिला सिंखडा र माननीय विन्दु पौडेल**ले भाग लिनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय कुसुम बुढा पुनले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको खर्च शीर्षकमा पेस गर्नुभएको खर्च कटौती सम्बन्धी प्रस्ताव फिर्ता लिन अस्वीकार** गर्नुभएकोले उक्त प्रस्तावलाई माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव **बहुमतले अस्वीकृत** भयो ।

तत्पश्चात **माननीय हरि बहादुर भण्डारीले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि आर्थिक मामिला मन्त्रालयको खर्च शीर्षकमा पेस गर्नुभएको खर्च कटौती सम्बन्धी प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नुभएको**ले उक्त प्रस्तावलाई माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव **बहुमतले अस्वीकृत** भयो ।

तत्पश्चात **माननीय सभामुखले "आर्थिक बर्ष २०८२/८३ को व्यय अनुमानको खर्च शीर्षकहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव बहुमतले** स्वीकृत भयो ।

तत्पश्चात **माननीय सभामुखले आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को दफा १ देखि १६ सम्म र अनुसुची १ देखि ३ सम्म "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव बहुमतले स्वीकृत भयो ।

तत्पश्चात माननीय **सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो ।**

तत्पश्चात **माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनोस्** भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव बहुमतले स्वीकृत भयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त **विधेयक बहुमतले पारित** भयो ।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२" को दफा १ देखि १३ सम्म र अनुसूची १ देखि १३ सम्म "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त **प्रस्ताव बहुमतले स्वीकृत** भयो ।

तत्पश्चात माननीय **सभामुखले विधेयकको प्रस्तावना र नाम** पढेर सुनाउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम **"गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त **प्रस्ताव बहुमतले स्वीकृत** भयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२"** लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त **विधेयक बहुमतले पारित भयो** ।

तत्पश्चात माननीय सभामुखले आगामि **बैठक २०८२ साल असार २३ गते दिनको १ बजे बस्नेगरी दिनको २:२४ बजे** स्थगित गर्नुभयो।

....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव